# खाँडादेवी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

**माकादुम, रामेछाप**

**प्रदेश नं.३**

# चुलीथुम्का–टिमु–निगालबास सडक स्तरोन्नति सम्बन्धि बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५/१२/२८**

यस खाँडादेवी गाउँपालिकाको आ.व.०७५/७६ मा **चुलीथुम्का–टिमु–निगालबास सडक स्तरोन्नति** गर्नुपर्ने भएकोले इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र नविकरण गरेको इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नं.(PAN) लिएको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, आ.व.०७४/७५ को करचुक्ता प्रमाणपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरु संलग्न गरी रु.५,०००/-(पाँच हजार) पछि फिर्ता नहुने गरी बोलपत्र जमानतको सक्कल भौचर सलग्न राखी bolpatra.gov.np/egp मा लग ईन गरी बोलपत्र पेश गर्नुपर्नेछ ।

२. बोलपत्र फारामको प्रत्येक महलहरु स्पष्ट रुपमा भरी अधिकार प्राप्त व्यक्तिले सही छाप गरी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्म गाउँकार्यपालिकाको कार्यालय, माकादुम, रामेछापको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्र दाताको नाम, ठेगाना र फोन नं. स्पष्ट खुलाई फर्मको छाप लगाई नियम अनुसार सार्वजनिक अनुगमन कार्यालयको online पद्वति बमोजिम e-bidding मार्फत मात्र पेश गर्नुपर्नेछ ।

३. म्याद भित्र दर्ता भएका बोलपत्रहरु ३१ औं दिनको २:०० बजे यस खाँडादेवी गाउँपालिकाको हाता भित्र खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको अनुपस्थितिमा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसको लगतै भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. बोलपत्र फाराम साथ जमानत बापत रकम **श्री लक्ष्मी बैंक, खाँडादेवी शाखा, रामेछापमा** रहेको खाँडादेवी गाउँपालिकाको धरौटी खाता नं.०८५११०००८५ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको बोलपत्र जमानत (बिडबण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ । यस्तो जमानत बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९०-(नब्बे) दिनको म्याद अवधि भएको हुनुपर्नेछ ।

६. बोलपत्रदाताले दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धि बाहेकको रकम उल्लेख गर्नुपर्नेछ । बोलपत्रमा प्रत्येक आइटमको दर अंक र अक्षर दुबैमा स्पष्ट लेखी अधिकार प्राप्त व्यक्तिले सहि छाप गरेको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको स्थानमा बोलपत्रदाताको सहीछाप भएको हुनुपर्नेछ ।

७. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, उपलब्ध गराइएको बोलपत्र फारममा थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

८. नक्कली कागजात पेश गरी वा मिलेमतो गरी बोलपत्रमा भाग लिएको पाइएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्ध गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

९. प्राप्त बोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बोलपत्र खरिद कर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाझिएको, सम्बन्धित पेशा व्यवसायमा कुनै सजाय नपाएको साथै सार्वजनिक खरिद अनुगमन कार्यालयको कालो सूचीमा नपरेको भनी लिखित कबोल गरेको स्वःघोषणा पत्र अनिवार्यरुपमा बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

११. बोलपत्रदाताले सम्भावित जोखिम प्रति स्वयम् उत्तरदायी भई सम्बन्धित सडकको स्तरोन्नति गर्नुपर्ने स्थलको सम्पूर्ण पक्षको अग्रिम जानकारी लिइएको मानिनेछ ।

१२. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित), सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१३. बोलपत्र सम्बन्धि अन्य कुरा बुझ्न परेमा यस कार्यालयको website: khandadevimun.gov.np र मो.नं. ९८५४०४३७४०, ९८४९८२३१२१, ९८५४०४००६४ मा सम्पर्क गर्न सकिनेछ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र जमानत बापतको रकम | बोलपत्र दस्तुर | बोलपत्र मान्य अवधि |
|---|---|---|---|---|---|
| १ | KRM/NCB/ROAD WORKS/5/075/76 | चुलीथुम्का–टिमु–निगालबास सडक स्तरोन्नति | १०,५५,०००/- (दश लाख पचपन्न हजार मात्र) | ५,०००/- स्थानीय संञ्चित कोष खाता नं.०८५११०००८५, लक्ष्मी बैंक, खाँडादेवी शाखा | ९० दिन |

**प्रमुख प्रशासकीय अधिकृत**